**कोरोना भाइरससम्बन्धी कर्णाली प्रदेशको अवस्था**
**सुर्खेत । ०७७ वैशाख २३ गते**

कर्णाली प्रदेशमा ०७६ चैत १२ गतेदेखि वैशाख २१ गतेसम्म विभिन्न जिल्लाका एक हजार ६९ जनाको पिसिआर परीक्षण गरिएकोमा सबैको नेगेटिभ रिपोट आएको सामाजिक विकास मन्त्रालयले जनाएको छ । वैशाख २२ गतेको मन्त्रालयको प्रतिवेदनमा केन्द्रको प्रयोगशालामा ६ सय १७, कर्णाली प्रदेशको प्रयोगशालामा ३ सय ५३ र धनगढीको प्रयोगशालामा ९९ जनाको स्वाब परीक्षण गरिएको थियो ।

प्रतिवेदनका अनुसार ०७६ चैत २८ गते देखि ०७७ वैशाख २१ गतेसम्म प्रदेशका विभिन्न जिल्लाका ५ हजार ८ सय ७६ जनाको द्रुत परीक्षण गरिएकोमा मुगुमा १ र सल्यानमा १ गरी दुई जनामा पोजेटिभ रिपोर्ट आएको थियो ।

यसैगरी जुम्ला स्थित कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ठूलो क्षमताको 'आरटी पिसिआर' मेसिनबाट वैशाख २२ गतेदेखि नमूना परीक्षण शूरु गरिएको छ । पहिलो चरणमा सात जना स्वास्थ्यकर्मी र एक जना भारतबाट आएका नागरिक गरी आठ जनाको स्वाब परीक्षणमा सवैको रिपोर्ट नेगेटिभ आएको अस्पतालका निर्देशक डा मंगल रावलले बताउनुभयो । हाल प्रतिष्ठानमा दुई सय किट आएको र स्वाब परीक्षणका लागि तथ्याङ्क संकलन गरिरहेको डा.रावलको भनाई छ ।

यसैगरी सुर्खेत जिल्ला प्रशासन कार्यालयले जिल्लाका सिमा नाकाबाट आवतजातव गर्ने एम्वुलेन्समा बिरामी र एकजना कुरुवामात्र राखी सेवा सञ्चालन गर्न सुचना जारी गरेको छ । वैशाख २३ गते जारी सुचनामा कोरोना संक्रमण फैलिन सक्ने भएकोले एक हप्तासम्म जिल्लाका नाकामा आवतजावत पुर्ण रुपमा रोक लगाउने निर्णय गरेसंगै यस अवधिमा एम्वुलेन्समा तोकिएको भन्दा अन्य यात्रुहरु राखि ओसार पसार गरी दुरुपयोग गरेको पाइएमा कारबाही गर्ने उल्लेख छ ।

कोरोना भाइरस प्रकोप न्यूनीकरणका लागि जिल्ला-जिल्लामा भएका प्रयास सम्बन्धमा इन्सेकका जिल्ला प्रतिनिधि मार्फत प्राप्त सूचनाको आधारमा जिल्लागत अवस्था विश्लेषण यसप्रकार छ ।

**इन्सेक दैलेख जिल्ला प्रतिनिधि अमर सुनारका अनुसार** लकडाउन लम्बिदै गएपछि छिमेकी मुलुक भारतमा मजदुरी गर्ने नेपालीहरु अलपत्र परेका छन् । उनीहरुले रोजगारी समेत गुमेको भन्दै उद्धार गर्न आग्रह समेत गरेका छन् । मुम्बईमा रहेका दुल्लु नगरपालिका-३ का ७ सय, भैरबी गाउँपालिकाका ४ सय र नारायण नगरपलिकाका ३ सय बढी दैलेखीहरुलाई खान बस्न समस्या परेको दुल्लु ४ का दलबहादुर नेपालीले बताउनुभयो ।

लकडाउनका कारण दैनिक छाक टार्न समस्यामा परेका नेपालीहरुलाई जेनतेन खाद्यान्न प्रवन्ध गरिएको नेपाली जनसम्पर्क समितिका सदस्य गोबिन्द थापाले जानकारी दिनुभयो । आफूहरुलाई स्वदेश फर्कने वातावरण बनाई दिन पनि उहाँले नेपाल सरकारसँग आग्रह गर्नुभएको छ ।

जिल्ला समन्वय समितिका प्रमुख प्रेमबहादुर थापाले दैलेखका करीब ४० हजार व्यक्ति भारतका विभिन्न शहरमा मजदुरी गर्न गएको र उनीहरु समस्यामा परेको जानकारी आएपनि तत्काल उद्धार गर्न नसकिने बताउनुभयो ।

**इन्सेक रुकुम पश्चिम जिल्ला प्रतिनिधि मनिषा केसीका अनुसार** जिल्लाका निजी स्वास्थ्य संस्थाहरुले कोरोना भाइरस रोकथाम र नियन्त्रणमा लाग्ने प्रतिबद्धता जनाएका छन् । वैशाख २२ गते स्वास्थ्य सेवा कार्यालयमा भएको छलफलमा उनीहरुले सरकारसंग सहकार्य गर्न तयार रहेको बताएका हुन् ।

छलफलमा निजी स्वास्थ्य संस्थाहरुले कोरोना लक्षित स्वास्थ्यकर्मीहरुको टोली तयारी अवस्थामा राख्ने र आवश्यक परेमा परिचालन गर्ने, शंकास्पद बिरामी आएमा स्वास्थ्य सेवा कार्यालयलाई जानकारी

गराउने तथा सचेतनाका कार्यमक्रमहरुमा सहकार्य गर्ने प्रतिवद्धता जनाएको स्वास्थ्य सेवा कार्यालयका निमित्त स्वास्थ्य सेवा व्यस्थापक डा. महेश चौलागाईंले जानकारी दिनुभयो ।
सरकारी नीति नियम अनुसार सञ्चालन भएकोले आफूलाई पूर्वाग्राही ढंगले नहेर्न पनि उनीहरुको आग्रह छ । छलफलमा उनीहरुले पिपिइ सेट, थर्मल गन लगायतका स्वास्थ्य सामग्री सहजै पाउने अवस्था नरहेकोले यसको व्यवस्थापनका लागि पनि सरकारसंग आग्रह गरेका छन् ।
जिल्लामा हाल चिकित्सक सहितका ८ वटा अस्पताल र पोलिक्लिनिक सञ्चालनमा छन् । स्वाथ्य सेवा कार्यालयका कोरोना भाइरस रोकथाम तथा नियन्त्रण फोकल पर्सन ईश्वर रावलका अनुसार निजी स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरुलाई पनि सुरक्षा सामग्री प्रयोग गर्न सिकाउने तयारी भैरहेको छ ।

**इन्सेक कालीकोट जिल्ला प्रतिनिधि कालीबहादुर मल्लका अनुसार** पलाता गाउँपालिकास्थित स्वास्थ चौकीलाई पलाता युवा सञ्जालले स्वास्थ्य सामग्री हस्तान्तरण गरेको छ । सञ्जालले सोसेक नेपालको सहयोगमा २ सय थान मास्क, ५ डिब्बा सेनिटाइजर, २ सेट पिपिई र २० जोडा ग्लोब्स उपलब्ध गराएको स्वास्थ्य कार्यालय कालिकोटका प्रमुख भिष्म पोखरेलले जानकारी दिनुभयो ।

**इन्सेक सल्यान जिल्ला प्रतिनिधि मिना बुढाथोकीका अनुसार** छिमेकी प्रदेश ५ को बाँकेमा कोरोना भाइरसको संक्रमण बढेपछि सल्यानमा उच्च सतर्कता अपनाइएको छ । यसका साथै जिल्लामा कोरोना भाइरस संक्रमित भए नभएको परीक्षण गर्न आरडिटी र पिसिआर परीक्षणलाई समेत तिब्रता दिइने भएको छ । प्रमुख जिल्ला अधिकारी शिवराम पोखरेलको अध्यक्षतामा बैशाख २२ गते बसेको जिल्ला स्तरीय कोभिड १९ सम्बन्धी बैठकले यस्तो निर्णय गरेको हो ।
बैठकले छत्रेश्वरी गाउँपालिकाको जिताठानस्थित मस्दिजमा कडाइ गर्दै शंकास्पदलाई आरडिटी र पिसिआर परीक्षण गर्ने निर्णय पनि गरेको छ । यस्तै जिल्लामा पिसिआर परीक्षणका लागि भिटिएम किटको अभाव भएपछि प्रदेश सरकारसंग ५ सय किट माग गर्ने निर्णय भएको सहायक प्रमुख जिल्ला अधिकारी नारायण लामिछानेले जानकारी दिनुभयो ।

**इन्सेक जाजरकोट जिल्ला प्रतिनिधि दिनेशकुमार श्रेष्ठका अनुसार** प्रदेश सरकारले पठाएका पाँच सय आरडिटी किटबाट परीक्षण गर्दा सबैको रिपोर्ट नेगेटिभ आएको छ। विभिन्न स्थानीय तहमा भारत तथा जिल्ला बाहिरबाट आएका शंकास्पदको परीक्षण हुन नसक्दा त्रास बढेको भेरी नगरपालिका–३ का वडाध्यक्ष लिलाबहादुर शाहले बताउनु भयो ।
बाँकेको नेपालगञ्जस्थित महेन्द्र बहुमुखी क्याम्पसको हाताभित्र रहेको क्वारेन्टाइनबाट ११ जना भागेर जाजरकोट आएका थिए । भेरी नगरपालिका ११ का उनीहरु मजदुरीका लागि केही समय अघि भारत गएका थिए । बाँकेका १ जना संक्रमित सोही क्वारेन्टाइनबाट भागेको भन्ने समाचारले जाजरकोटबासीलाई थप त्रसित बनाएको हो ।
बारेकोट गाँउपालिकामा हालै मात्र २ हजार ४ जना जिल्लाबाहिरबाट भित्रिएका थिए । त्यसमध्ये १ सय ६७ जनालाई क्वारेन्टाइनमा राखिएको थियो । विद्यालयमा बनाइएका क्वारेन्टाइनमा उचित व्यवस्थापन नहुँदा १४ दिन नपुग्दै गाउँपालिकाले उनीहरुलाई घर पठाइदिएको छ । अध्यक्ष महेन्द्रबहादुर शाहले सबैको आरडिटी गरेर घरकै एकान्तबासमा पठाउने योजना भएको तर किटको अभावमा ६० जनाको मात्र नमूना परीक्षण गरेर ७ दिनमै घर पठाइएको बताउनुभयो ।

जिल्लाका विभिन्न स्थानमा बनाइएका क्वारेन्टाइनमा हालसम्म २ सय ३९ जनामात्र बसेका थिए । नलगाड नगरपालिकास्थित त्रिभुवन माविमा स्थापना गरिएको क्वारेन्टाइनमा राखिएका २ जना बाहेक अरु सबै घर फर्किसकेका छन् ।

**इन्सेक जुम्ला जिल्ला प्रतिनिधि मानदत्त रावलका अनुसार** भारतलगायत अन्य मुलुक र जिल्ला बाहिरबाट जुम्ला भित्रिने नागरिकको स्पष्ट अभिलेख खडा गरी मापदण्ड बमोजिम क्वारेन्टाइनमा राख्न उच्च अदालत सुर्खेत जुम्ला इजलासले वैशाख २२ गते आदेश गरेको छ ।
यसका साथै उनीहरुको सम्पर्कमा आएका अन्यको समेत स्वास्थ्य परीक्षण गरी आवश्यकता र औचित्यका आधारमा क्वारेन्टाइन वा आइसोलेसनमा राखी प्रभावकारी अनुगमन गर्नुपर्ने आदेशमा उल्लेख छ । राहत वितरण गर्दा जनसाधारणको पहुँच र पारदर्शितालाई ध्यान दिन पनि फैसलामा सुझाइएको छ ।
निवेदनमा माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुनु नपर्ने कुनै कारण र आधार भए सोको सबुद प्रमाणसमेत संलग्न राखी बाटाका म्याद बाहेक १५ दिनभित्र कानुन बमोजिम लिखित जवाफ पेश गर्नु भनी विपक्षीको नाममा म्याद जारी भएको आदेशमा उल्लेख छ ।
क्वारेन्टाइनको मापदण्ड, सेवा सुविधा, तथा राहत वितरण लगायतका विषयमा अधिवक्ता पदमबहादुर शाहीले कर्णाली प्रदेश सरकार, जुम्लाका ८ वटै स्थानीय तह र क्वारेन्टाइन सञ्चालन तथा व्यवस्थापन समिति जुम्लासमेतलाई विपक्षी बनाई रिट दायर गर्नु भएको थियो ।
जिल्ला प्रशासन कार्यालयका अनुसार लकडाउन अवधिमा १० हजार ६ सय १६ जना जुम्ला भित्रिएका छन् । ७ सय ३४ बेडमध्ये ६ सय ३१ जना क्वारेन्टाइनमा बसेका छन् भने ५ सय ६ जना होम क्वारेन्टाइनमा बसेका छन् । यस्तै १४ दिन क्वारेन्टाइनमा बसेर ४ सय ७३ जना घर फर्किएको कार्यालयले जनाएको छ ।
यस्तै लकडाउन उल्लघंन गर्ने ६ सय ४५ सवारी साधन कारवाहीमा परेका छन् । कोरोना भाइरस रोकथाम तथा नियन्त्रणका लागि जनस्वास्थ्य कार्यालय अन्तर्गत जिल्लाभर १ सय ३८ जना स्वास्थ्यकर्मी परिचालन गरिएको छ ।
**इन्सेक कर्णाली प्रदेश कार्यालय, सुर्खेत**